मैवाखोला गाउँपालिका

साँघु, ताप्लेजुङ

# वार्षिक बजेट तथा कार्यक्रम
# आर्थिक वर्ष २०८१\०८२

**प्रस्तुतकर्ता**

**चन्द्र कुमार तामाङ**

**(प्रवक्ता)**

सभाबाट पारितः २०८१/०३/२८

प्रमाणिकरण मितिः २०८१/०३/२८

# आर्थिक वर्ष २०८१\०८२ को वार्षिक बजेट तथा कार्यक्रम

**सभाध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरू,**
**उपस्थित राष्ट्रसेवक कर्मचारीहरू,**
**पत्रकार मित्रहरू !**

आज हामी निर्वाचित भएको दोस्रो वर्ष पूरा गरी तेस्रो वर्षका लागि बजेट तथा कार्यक्रम प्रस्तुत गर्न १५ औँ गाउँसभाको तेस्रो बैठकमा उपस्थित भएका छौँ । आजको यस गरिमामय सभामा उपस्थित सम्पूर्ण महानुभावहरूमा हार्दिक स्वागत गर्दछु । नेपालको संविधानले व्यवस्था गरेको सङ्घीय शाशन प्रणाली बमोजिम जनतालाई स्थानीय स्तरबाटै सेवा प्रवाह गर्दै उनीहरूको हक अधिकारको सुनिश्चित गर्न, शासन प्रणालीमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै विकासका बहु आयमिक पक्षहरूमा स्थानीय जन सहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी जनतालाई सहज, सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्नका लागि स्थानीय सरकारको परिकल्पना भए बमोजिम स्थानीय सरकार अघि बढिरहेको छ । यस १५ औँ गाउँसभाको अवसरमा समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक शाशन प्रणालीलाई स्थापना गर्न, राष्ट्र हित लोकतान्त्रिक गणतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपालका विभिन्न कालखण्डमा भएका ऐतिहासिक जन आन्दोलन, शशस्त्र जनयुद्ध र विभिन्न आन्दोलनहरूको क्रममा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, विभिन्न आन्दोलनका क्रममा घाइते हुनु भएका योद्धाहरूप्रति उच्च सम्मान प्रकट गर्दै शीघ्र स्वास्थ्य लाभको कामना र वेपत्ता योद्धाहरूको स्मरण गर्दछु । साथै, बाढी पहिरोमा परी ज्यान गुमाएका मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरू प्रति शीघ्र स्वास्थ्य लाभको कामना सहित बाढी पहिरो पिडीत परिवारहरूमा गहिरो सहानुभूति प्रकट गर्दछु ।

यस आर्थिक वर्ष २०८१\०८२ को वार्षिक बजेट तथा कार्यक्रम निर्माण गर्दा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट लोकतन्त्रका आधारभूत मूल्य, मान्यताको सम्मान गर्दै 'समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकांक्षा, कोशी प्रदेशको प्रादेशिक सोच "स्वच्छ, सुखी तथा समुन्नत प्रदेश" एवम् मैवाखोला गाउँपालिकाको दीर्घकालीन सोच; "सुखी र समृद्ध मैवाखोलाको आधार, अर्गानिक कृषि, शिक्षा, स्वास्थ्य पर्यटन र पूर्वाधार" अनुरूपको उपलब्धि हासिल गर्ने दिशामा लक्षित गरी नेपालको संविधानमा उल्लेखित राज्यको निर्देशक सिद्धान्त, सङ्घीय आर्थिक नीति, प्रदेश सरकारको नीति, दिगो विकासको लक्ष तथा जनताको माग र आवश्यकतामा आधारित भई गाउँपालिकाको आवधिक विकास योजना, मध्यमकालीन खर्च संरचना, विषयगत क्षेत्रका विज्ञ तथा सरोकारवाला संस्थाहरूको सुझाव, वर्तमान परिस्थितिको मूल्याङ्कन गर्दै उपलब्ध सीमित साधन र स्रोतको आधारमा नागरिकको जीवनस्तर बदल्न यो बजेट तयार पारिएको छ । जन चाहना तथा भवनाहरूलाई सम्बोधन गर्ने क्रममा सीमित बजेटबाट असीमित मागहरू सम्वोधन गर्नु अवश्य पनि सहज विषय पक्कै छैन तथापि गाउँपालिकाको वर्तमान आवश्यक्ताहरूलाई मध्यनजर गरी रोजगारी सिर्जना गर्न सक्ने योजना तथा कार्यक्रमहरूलाई प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने प्रयास गरेको छु । बजेट निर्माणको क्रममा सहयोग तथा उचित सल्लाह सुझाव दिनुहुने सम्बन्धित क्षेत्र, निजी क्षेत्र, उद्योग वाणिज्य संघ, विभिन्न संघ संस्थाहरू, सरोकारवालाहरू, वुद्धिजिवी वर्ग, राजनीतिक दलका प्रतिनिधिज्यूहरू, अध्यक्ष ज्यू, कार्यपालिकाका सदस्यज्यूहरू, विषयगत समितिका सदस्य ज्यूहरू, राष्ट्र सेवक कर्मचारीहरू सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु ।

**सभाध्यक्षज्यू,**

आगामी आर्थिक वर्ष २०८१\०८२ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मैले निम्न दस्तवेजहरूलाई आधारको रूपमा लिएको छुः

क) नेपालको संविधान,
ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
ग) सङ्घीय तथा प्रदेश सरकारले जारी गरेको नीति, कानुन र मापदण्डहरू,
घ) सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण सम्बन्धी मार्गदर्शन, मैवाखोला गाउँपालिकाको समृद्धिको आधार, अर्गानिक कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार भन्ने २५ वर्षे दीर्घकालीन सोच सहित तयार पारिएको पञ्च वर्षीय आवधिक विकास योजनामा केन्द्रित रहेर यस वर्षको बजेट निर्माण गरिएको छ।
ङ) सङ्घीय सरकार र प्रदेश सरकारबाट जारी भएका मार्गदर्शनहरू
च) मध्यमकालीन खर्च संरचना, राजस्व सुधार योजना र वार्षिक नीति तथा कार्यक्रमहरू,
छ) गाउँपालिकाको आन्तरिक साधन स्रोत,
ज) टोल विकास संस्था, वडा कार्यालय तथा विषयगत समितिहरूबाट प्राथमिकता निर्धारण भई आएका योजना कार्यक्रमहरू,
झ) संघ र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक नीतिहरू
ञ) विभिन्न साझेदार संस्थाहरूसँग भएका सहकार्यको प्रतिबद्धता आदि
ट) गाउँपालिकाले गरेका महत्वपूर्ण विषयहरूमा गरिएका विषेश निर्णयहरू।

**सभाध्यक्ष ज्यू,**

आर्थिक वृद्धि, सामाजिक न्याय, सुशाशनको प्रत्याभूति, विकासमा दिगोपना लगायतका क्षेत्रमा रहेका थुप्रै चुनौतिहरू सम्बोधन गर्ने क्रममा प्राप्त मार्ग दर्शनहरूलाई सङ्घीय र प्रदेश सरकारको कार्यक्रमसँग समन्वय गरी साझेदार संस्थाहरूसँगको सहकार्य समेत अघि बढाउने गरी बजेट तयार गरेको छु।

मैवाखोला गाउँपालिकालाई अर्गानिक पालिकाको रूपमा विकास गरी रासायनिक मललाई न्यूनीकरण र प्रतिस्थापन गर्न र कृषकहरूलाई प्राङ्गारिक मल उपलब्ध गराउनका निम्ति निजी सार्वजनिक र साझेदारी (PPP model) मा प्राङ्गारिक मल उद्योग स्थापना गरिने, मैवाखोला गाउँपालिकाले २०८३ वैशाख महिना भित्र  बालमैत्री स्थानीय शाशनयुक्त गाउँपालिका घोषणा गर्ने प्रतिबद्धता पूरा गर्ने लक्ष्यको आधार तय हुने, अध्यक्ष रोजगार कार्यक्रम मार्फत् सूचीकृत बेरोजगार युवाहरूलाई न्यूनतम रोजगारीको अवसर उपलब्ध गराई आर्थिक सशक्तिकरण तर्फ उन्मुख गराउने, स्वास्थ्य क्षेत्र व्यवस्थित गरिने, उपाध्यक्ष चेसुङ कार्यक्रम मार्फत् घरमै सुत्केरी गराउने तथा स्वास्थ्य संस्था नजाने गर्भवती महिलाहरूलाई स्वास्थ्य संस्थाप्रति आकर्षित गराउने र जिरो होम डेलिभरी गराउनुका साथै पोषणको कार्यक्रमलाई अघि बढाइने, व्यवसायीहरूलाई सहुलियत कर्जा प्रदान गरी व्यवसाय उन्मुख बनाइने,  वृहद् शिक्षा सम्मेलन २०८१ ले जारी गरेको ४२ बुँदे घोषणा पत्रलाई अक्षरसः पालना गर्दै मैवाखोला गाउँपालिकाको शैक्षिक जगतलाई व्यवस्थित गर्दै लगिने, गाउँपालिकाको तर्फबाट छनौट भएको नमुना विद्यालय विकास कार्यक्रम अन्तरगतको मैवाखोला मा.वि.को निर्माणाधीन भौतक पूर्वाधारको कार्य सम्पन्न गरिने, मैवाखोला गाउँपालिका भित्रका दलित समुदायहरूलाई लक्षित गरी उनीहरूको जीवनस्तर सुधार गर्न “दलित शशक्तिकरणका लागि

अध्यक्ष कोष" स्थापना गरी दलित समुदायको हकहितका लागि आवश्यकताको आधारमा कार्यक्रम गरिने, निर्माणाधीन बहु उद्देश्यीय कबर्डहल र साँघु स्वास्थ्य चौकीको भौतिक पूर्वाधारको कार्य सम्पन्न गरिने तथा प्रशाशनिक भवनको निर्माण प्रक्रियालाई तीव्र रूपमा अघि बढाइने, बाढी पहिरोबाट क्षतिग्रस्त सडकहरू मर्मत गरी सुचारू हुने, गत असाढ २ गते आएको बाढी द्वारा पिडीत ओदक वस्तीलाई स्थायी पुनर्वासको व्यवस्था मिलाइने, पशुपालन मार्फत् याक चौंरी प्रवर्द्धन तथा माछापालन कार्यमा आत्मनिर्भर बनाई आय आर्जनमा समेत टेवा पुग्ने विश्वास लिएको छु ।

निष्कर्षमा भन्नु पर्दा यो बजेट समावेशी, समतामूलक तथा जनमुखी भएको विश्वास लिएको छु ।

**सभाध्यक्षज्यू,**

अब म चालु आर्थिक वर्षको हालसम्मको प्रगति विवरण पेश गर्दछु । चालु आर्थिक वर्ष २०८०/०८१ को मिति २०८१\०३\०८ गतेसम्म भएको खर्चको यथार्थ विवरण प्रस्तुत गर्दछु ।

| | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** | **कैफियत** |
|---|---|---|---|---|
| चालु | २५,९९,३४,८०० | १७,९०,२९,८९१ | ६८.८७ | २०८१/०३/८ सम्ममा |
| पूँजीगत | ११,३६,००,००० | ६,६७,६६,७३७ | ५८.७७ | २०८१/०३/८ सम्ममा |
| जम्मा | ३७,३५,३४,८०० | २४,५७,९६,६२८.०४ | ६५.८ | |

चालु आर्थिक वर्ष २०८०\०८१ को हालसम्मको आन्तरिक आय तथा राजस्व बाँडफाँडको प्रगति यस प्रकार रहेको छ ।

| विवरण | २०८०/८१ कुल अनुमानित आय | हालसम्मको आम्दानी | आम्दानी प्रतिशत |
|---|---|---|---|
| आन्तरिक आय | ५५,००,०००/- | ५८,३३,६८८.०४ | १०६.०६ |
| राजश्व बाँडफाड संघ | ६,५५,९७,८०० | ४,८५,२४,१०४.४९ | ७३.९७ |
| राजश्व बाँडफाड प्रदेश | २१,४८,००० | २०,०८,१९८.११ | ९३.४९ |

## चालु आ.व.मा हालसम्म निकाशा बमोजिमको खर्च प्रगति विवरण

| | वजेट | खर्च रकम | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| चालु | २३,१२,९६,३०२ | १७,९०,२९,८९१ | ७७.४१ | असार ८ सम्मको |
| पूँजीगत | ९,१६,८५,४५० | ६,६७,६६,७३७ | ७२.८३ | असार ८ सम्मको |

| | | | | |
|---|---|---|---|---|
| जम्मा | ३२,२९,८१,७५२ | २४,५७,९६,६२८ | ७६.११ | असार ८ सम्मको |

**आगामी आर्थिक वर्ष २०८१\०८२ को आय तर्फ निम्न स्रोत अनुमान गरेको छ।**

| आय | बजेट | अक्षरेपी |
|---|---|---|
| वित्तीय समानीकरण संघ | ९,३३,००,००० | ९ करोड ३३ लाख |
| वित्तीय समानीकरण प्रदेश | ५५,४९,००० | ५५ लाख ४९ हजार |
| शसर्त अनुदान संघ | १६,६०,७२,००० | १६ करोड ६० लाख ७२ हजार |
| शसर्त अनुदान प्रदेश | ४७,२२,००० | ४७ लाख २२ हजार |
| आन्तरिक आय | ६१,००,००० | ६१ लाख |
| आन्तरिक आय मौज्दाद | ३,९२,९७,७०० | ३ करोड ९२ लाख ९७ हजार ७ सय |
| राजस्व बाँडफाँड संघ | ६,९६,००,००० | ६ करोड ९६ लाख |
| राजस्व बाँडफाँड प्रदेश | २४,४१,००० | २४ लाख ४१ हजार |
| विशेष अनुदान संघ | १,८०,००,००० | १ करोड ८० लाख |
| विशेष अनुदान प्रदेश | ० | ० |
| समपुरक अनुदान संघ | ० | ० |
| समपुरक अनुदान प्रदेश | १,००,००,००० | १ करोड |
| अन्तरराष्ट्रिय गैर सरकारी संस्थाहरूबाट ( HPF र GWT) | ३,७१,१२,३३२ | ३ करोड ७१ लाख १२ हजार ३ सय बत्तीस |
| **कुल जम्मा** | **४५,२१,९४,०३२** | **४५ करोड २१ लाख ९४ हजार बत्तीस** |

**आम्दानीको अनुमान**

| तह | समानीकरण अनुदान | राजस्व बाँडफाँड | शसर्त अनुदान | आल्या | समपुरक अनुदान | विशेष अनुदान | आन्तरिक आम्दानी | दातृ संघ संस्था | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **संघ** | ९३३००००० | ६,९६,००,००० | १६६०७२००० | | | १८०००००० | | | **३४६९७२०००** | |
| प्रदेश | ५५४९००० | २४४१००० | ४७२२००० | | १००००००० | | | | **२,२७,१२०००** | |
| आन्तरिक आम्दानी | | | | | | | ६१००००० | | **६१०००००** | |
| आल्या | | | | ३९२९७७०० | | | | | **३९२९७७००** | |
| एच.पी.एफ | | | | | | | | २१६७७९० | २१६७७९० | |
| जि.डब्लु.टी | | | | | | | | ३३४००८०० | ३३४००८०० | |
| एच.पी.एफ | | | | | | | | १२१९०० | १२१९०० | |
| करूणा फाउण्डेशन | | | | | | | | १४२१८४२ | १४२१८४२ | |
| जम्मा | **९८८४९०००** | **७२०४१०००** | **१७०७९४०००** | **३९२९७७००** | **१०००००००** | **१८००००००** | **६१०००००** | **३७११२३३२** | **४५२१९४०३२** | |

## क) खर्च शीर्षक

| खर्च शिर्षक | समानीकरण | | राजस्व वाँडफाँड | | समपुरक | | विशेष अनुदान | | आन्तरिक आम्दानी | शशर्त अनुदान | | अल्या | दातृ निकाय | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संघ | प्रदेश | संघ | प्रदेश | संघ | प्रदेश | संघ | प्रदेश | | संघ | प्रदेश | | करूणा फाउण्डेशन | एच .पि.एफ | एच.पी.एफ | जि डब्लु टि | | |
| चालु | २०५४५०००० | | ६९६००००० | २४४१००० | | | | | | १५५२७२०००० | १७२२०० ० | १२०४७७०० | १४२१८४२ | १२१९०० | २१६७७९० | | २६५३३९२३२ | |
| पूँजीगत | ७२७५५०००० | ५५४९०० ० | ० | | | १०००००००० | १८०००००० | | ६१००००० | १०८०००००० | ३००००००० | २७२५०००० | | | | ३३४००८०० | १८६८५४८०० | |
| जम्मा | ९३३००००० | ५५४९०००० | ६९६००००० | २२००००० | | १०००००००० | १८०००००० | | ६१००००० | १६६०७२०००० | ४७२२०००० | ३९२९७७०० | १४२१८४२ | १२१९०० | २१६७७९० | ३३४००८०० | ४५१९५३०३२ | |
| | | | | | | | | | | | | | | कुल जम्मा | ४५,२१,९४,०३२ | | | |

## १. सामाजिक विकास सामिति:

### १.१ शिक्षा

यस वर्ष अघिल्लो वर्षहरूमा गरिएको कार्यक्रम तर नियमित गर्नुपर्ने कार्यक्रमहरू; एमबीबिएस डाक्टर उत्पादन, शेर्पा र आनिपान भाषा पठनपाठन, बालविकास तथा विद्यालय कर्मचारीको थप तलब भत्ता, राष्ट्रपति रनिङ शिल्ड, अतिरिक्त क्रियाकलाप आदि कार्यक्रमहरूलाई आवश्यक बजेट विनियोजन गरी निरन्तरता दिएको छ। यस वर्ष पाटी डाँडा मा.वि. मा १ बाल विकास कोटा थप गरी कर्मचारीको व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेको छ। मैवाखोला गाउँपालिकाको सिङ्गो शैक्षिक जगतलाई फराकिलो, गुणस्तरीय तथा व्यवस्थित बनाउन सार्वजनिक शिक्षाको रूपान्तरणका लागि आयोजना भएको वृहद् शिक्षा सम्मेलनको ४२ बुँदे घोषणापत्रलाई अघि बढाउन कार्यक्रम सहित आवश्यक बजेट विनियोजन गरेको छ। गाउँपालिका भित्रका २८ वटै विद्यालयहरूका प्र.अ.हरूका लागि थप प्रोत्साहन भत्ताको व्यवस्था गरेको छ। जसले संविधानतः व्यवस्था गरिएको मौलिक हक बमोजिम राज्यको नीतिले शिक्षालाई वैज्ञानिक, व्यवहारिक, व्यवसायिक, सीपमूलक , रोजगारमूलक र जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी र नैतिकवान एवं राष्ट्र हितप्रति समर्पित जनशक्ति तयार पार्ने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै जाने कुराको अपेक्षा गरिएको छ जसका लागि शिक्षा क्षेत्रमा शशर्त अनुदान बाहेक रू **२,१२,७९,७९०** बजेट विनियोजन गरेको छ।

| क्र.स. | कार्यक्रमको नाम | बिनियोजित रकम रू | वडा नं. | शीर्षक नं. |
|---|---|---|---|---|
| १ | बाल विकास सहयोगी, विद्यालय कर्मचारी तथा विद्यालय सहयोगीको तलब भत्ता | ५५००००००.०० | | |
| २ | शैक्षिक क्यालेन्डर निर्माण | १०००००.०० | | |
| ३ | एम. वी. वीएस. डाक्टर अध्ययन छात्रवृत्ति | १५०००००.०० | | |
| ४ | अतिरिक्त क्रियाकलाप | ८०००००.०० | | |
| ५ | शेर्पा भाषा र आनिपान पठनपाठन | ३०००००.०० | | |
| ६ | अतिरिक्त कक्षा सञ्चालन (कक्षा-८) | १००००००.०० | | |
| ७ | स्मार्ट पि.टी. कार्यक्रम | ३४००००.०० | | |
| ८ | मैवाखोला मा.वि. नमुना विकास कार्यक्रम तथा प्र.अ. भत्ता | १००००००.०० | | |
| ९ | विद्यालय प्रशाशन व्यवस्थापन खर्च | ५६००००.०० | | |
| १० | कक्षा ५ र ८ को वार्षिक परीक्षा सञ्चालन गर्न | ३०००००.०० | | |
| ११ | उत्कृष्ट शिक्षक विद्यार्थी तथा विद्यालयलाई पुस्कार | १०००००.०० | | |
| १२ | मन्टेश्वरी तालिम | ३०००००.०० | | |
| १३ | शिक्षाको रणनीतिक योजना निर्माण | १००००००.०० | | |
| १४ | आवश्यकतामा आधारित तालिम | ५०००००.०० | | |
| १५ | स्थानीय पाठ्यक्रम संशोधन | ५०००००.०० | | |
| १६ | विद्यार्थी आफैँले सिक्दै कमाउँदै कार्यक्रम ( बाली विज्ञान सञ्चालित विद्यालयमा) | ३०००००.०० | | |

| | | | | |
|---|---|---|---|---|
| १७ | शिक्षकहरूको जीवन उपयोगी सीप क्षमता अभिवृद्धि तालिम तेस्रो चरण | १०००००.०० | | HPF |
| १८ | कक्षा सञ्चालन भत्ता सहजकर्ताको लागि | २१२०००.०० | | HPF |
| १९ | शैक्षिक सामाग्री | ६००००.०० | | HPF |
| २० | अन्य | २००००.०० | | HPF |
| २१ | शिक्षकहरूको क्षमता अभिवृद्धि तालिम | २८५६००.०० | | HPF |
| २२ | विव्यस/ शिअसं/ समुदाय क्षमता अभिवृद्धि र स्थानीय तहसँग अन्तरक्रिया | ३०१८००.०० | | HPF |
| २३ | विद्यार्थी सहयोग कार्यक्रम | ११८८३९०.०० | | HPF |
| २४ | श्री सिंह आ.वि. भवन मर्मत | ४०००००.०० | १ | |
| २५ | श्री पाटी आ.वि. फर्निचर | ५००००.०० | १ | |
| २६ | श्री मदन स्मृति आ.वि. फर्निचर | ५००००.०० | १ | |
| २७ | विद्यालयहरूलाई शिक्षण सिकाइ सामग्री निर्माण सम्बन्धी तालिम | १०००००.०० | १ | |
| २८ | अभिभावक सचेतना सम्बन्धी कार्यक्रम | १०००००.०० | १ | |
| २९ | कोचिङ कक्षा सन्चालन ठोटने सिंहराज मनरानी आ.वि. | १०००००.०० | २ | |
| ३० | अभिभावक शिक्षा कार्यक्रम | १०००००.०० | २ | |
| ३१ | अभिभावक शिक्षा कार्यक्रम | १०००००.०० | ३ | |
| ३२ | मानेडाँडा आ.वि. को सिलिङ लगाउने तथा शैक्षिक सामाग्री खरिद | ४०००००.०० | ३ | |
| ३३ | सरस्वती आ.वि. गेट निर्माण | १५००००.०० | ३ | |
| ३४ | अभिभावक शिक्षा कार्यक्रम | १०००००.०० | ४ | |
| ३५ | अभिभावक शिक्षा कार्यक्रम | १०००००.०० | ५ | |
| ३६ | शिक्षाको गुणस्तर सुधारको लागि पाटी डाँडा मा.वि. मा भाषा शिक्षक व्यवस्थापन | ३०००००.०० | ५ | |
| ३७ | महादेव आ.वि. फर्निचर निर्माण | १०००००.०० | ५ | |
| ३८ | जनप्रिय आ.वि. भवन सिलिङ पट्टाई | १०००००.०० | ५ | |
| ३९ | अभिभावक शिक्षा कार्यक्रम | १०००००.०० | ६ | |
| ४० | बाल उद्यान निर्माण | ४०००००.०० | ६ | |
| ४१ | मैवाखोला कम्प्युटर तालिम कार्यक्रम | २०००००.०० | ६ | |
| ४२ | सुर्योदय लोकतान्त्रिक आ.वि. कम्प्युटर खरिद | १०००००.०० | ६ | |
| ४३ | थप वाल विकास शिक्षक पारिश्रमिक | ७००००० | | |
| ४४ | विद्यालयहरूको प्र.अ. प्रोत्साहन भत्ता मासिक रू १००० को दरले | ३१२००० | | |

| | | | | |
|---|---|---|---|---|
| ४५ | सामुदायिक सिकाइ केन्द्र पारिश्रमिक | १५०००० | | |
| ४६ | मालिङगेनी आ.वि रङरोगन तथा फर्निचर मर्मत | २५००००.०० | ४ | |
| ४७ | नवज्योति आ.वि ठेस वाल निर्माण | २५००००.०० | ४ | |
| ४८ | गङ्गा आ.वि. ठेस वाल निर्माण | ३०००००.०० | ४ | |
| **जम्मा** | | **२,१२,७९,७९०** | | |

**१.२ स्वास्थ्य तथा पोषणः-**

स्वास्थ्य जीवन मानव विकास सूचकाङ्कको महत्वपूर्ण आधार हो । समतामूलक र गुणस्तरीय स्वास्थ्य तथा पोषण सेवा प्रणालीका माध्यम द्वारा नागरिकको स्वास्थ्यस्तर सुधारको लागि संविधानले स्वास्थ्यलाई मौलिक हकको रूपमा परिभाषित गरे बमोजिम स्वास्थ्य तथा पोषण क्षेत्रमा बजेट व्यवस्था गरेको छु । मैवाखोला गाउँपालिका वडा नं. २ को ढुङ्गेसाँघु आधारभूत अस्पतालमा स्वास्थ्य विमा सेवा सञ्चालन गर्न बजेट व्यवस्था यसै आर्थिक वर्षदेखि गरेको छु । जेष्ठ नागरिक तथा अपाङ्गता (क) र (ख) वर्गका व्यक्तिहरूलाई घर घरमै गएर स्वास्थ्य परीक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु । गर्भवती आमा तथा सुत्केरी आमाहरूको लागि मातृ पोषण कार्यक्रम अन्तर्गत उपाध्यक्ष चेसुङ कार्यक्रमलाई निरन्तरताको लागि थप बजेटको व्यवस्था गरेको छु । यसका साथै मैवाखोला गाउँपालिकामा बसोबास गर्ने आम जनताको स्वास्थ्यस्तर सुधारका लागि आवश्यक ७६,८९,०००।- बजेट विनियोजन गरेको छु ।

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित रकम रू | वडा नं. | शीर्षक |
|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक तथा अपाङ्गता क र ख वर्गका व्यक्तिहरूलाई घरघरमै स्वास्थ्य परीक्षणका लागि स्वास्थ्यकर्मी यातायात खर्च | २२००००.०० | | |
| २ | जेष्ठ नागरिक, अशक्त, अपाङ्गता भएका व्यक्तिहरूलाई घरघरमै स्वास्थ्य परीक्षणका लागि सम्लग्न स्वास्थ्यकर्मीलाई झोला र छाता खरिद | ५००००.०० | | |
| ३ | स्वास्थ्य संस्थाहरूको सामाजिक परीक्षण कार्यक्रम तथा पोषणमैत्री स्थानीय तह घोषणाका लागि बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन, पोषण कार्यक्रमको योजना तयारी | ५०००००.०० | | |
| ४ | दीर्घ रोगीहरूको पहिचान तथा नसर्ने रोगहरूबारे समुदायस्तरमा अभिमुखीकरण कार्यक्रम | १०००००.०० | | |
| ५ | निःशुल्क प्रदान गरिने ९८ प्रकारका औषधी खरिद तथा वितरण | २५०००००.०० | | |
| ६ | महिला स्वास्थ्य स्वयंसेविका मासिक बैठक खाजा प्रति बैठक २००का दरले | २०००००.०० | | |
| ७ | मातृ पोषण कार्यक्रम अन्तर्गत उपाध्यक्ष चेसुङ कार्यक्रम | ६०००००.०० | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | वडा र पालिका पूर्ण खोप दिगोपना सुनिश्चितता घोषणा कार्यक्रम (६ वटा वडा र पालिका समेत) | १५००००.०० | | |
| ९ | महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरूको अर्धवार्षिक र वार्षिक समीक्षा तथा दिवस मनाउन | २०००००.०० | | |
| १० | घरघरमा स्वास्थ्य परीक्षणका लागि BP set, Sugar test machine,<br>chemical, Ointment Dichlofanac jel खरिद | ५०००००.०० | | |
| ११ | अध्यक्ष स्वास्थ्य सहयोग कोष | १००००००.०० | | |
| १२ | स्वास्थ्य विमाको Software मेशिन खरिद र जडान | ५०००००.०० | | |
| १३ | साल्टर पान स्केल पर्दा with stand, अटोक्लेभ, Delivery Bed लगायतका<br>स्वास्थ्य उपकरणहरू खरिद | ५०००००.०० | | |
| १४ | स्वास्थ्य संस्था सम्म सुत्केरी गराउन ल्याए वापत म.स्वा.स्वयं सेविकालाई<br>प्रोत्साहन रकम प्रति गर्भवती १००० का दरले | २६९०००.०० | | |
| १५ | महिला स्वस्थ्य स्वयं सेविकाहरूलाई १० दिने आधारभूत तालिम सञ्चालन | १५००००.०० | | |
| १६ | केमिकल र अटोक्लेभ मेसिन तथा स्वास्थ्य चौकीमा आवश्यक सामाग्री खरिद | १०००००.०० | ३ | |
| १७ | फाकुम्बा स्वास्थ्य चौकी बर्थिङ सेन्टर ढलान | १५००००.०० | ५ | |
| **जम्मा** | | **७६,८९,०००।-** | | |

### १.३ खानेपानी तथा सरसफाई

मैवाखोला गाउँपालिका भित्र रहेका खानेपानी आयोजनाहरूको मुहान संरक्षण तथा मर्मत गरी सुरक्षित तथा स्वच्छ खानेपानी उपलब्ध गराउन  मर्मत कार्यक्रम सहित आवश्यक बजेट  रू ३,७१,५०,८००।-विनियोजन गरेको छु ।

| क्र.स. | कार्यक्रमको नाम | बिनियोजित रकम रू | वडा नं. | शीर्षक नं |
|---|---|---|---|---|
| १ | आवशयकताको आधारमा खानेपानी मुहान आयोजनाको मर्मत | ६०००००.०० | | |
| २ | NWASH Data संकलन तथा अद्यावधिक | ५००००.०० | | |
| ३ | भित्ते आरूबोटे खानेपानी आयोजना | ६७०६४००.०० | | |
| ४ | भुसुने खानेपानी आयोजना | ९८२१५००.०० | | |
| ५ | तेम्बे खानेपानी आयोजना | १०२१३०००.०० | | |
| ६ | लेकुवा खानेपानी आयोजना | ६६५९९००.०० | | |
| ७ | गैरीगाउँ खानेपानी आयोजना | ४५००००.०० | १ | |
| ८ | बाघधारा सार्वजनिक शौचालय निर्माण | २०००००.०० | १ | |

| | | | | |
|---|---|---|---|---|
| ९ | खानेपानी पाइप खरिद | १५००००.०० | १ | |
| १० | जि.डब्लु.टि सँग खानेपानी आयोजनामा सहकार्य | ४०००००.०० | २ | |
| ११ | छिलबिले खानेपानी मर्मत | **२०००००.००** | ४ | |
| १२ | ओखरबोटे खानेपानी मुहान मर्मत | २०००००.०० | ४ | |
| १३ | फलाँटे जोरबुट्टे खानेपानी मुहान मर्मत | ५०००००.०० | ४ | |
| १४ | सुकेखोल्सा खानेपानी मर्मत | ५०००००.०० | ४ | |
| १५ | भगवन्ते खानेपानी मर्मत | १०००००.०० | ४ | |
| १६ | हाम्फाबुङ खानेपानी मर्मत | २०००००.०० | ६ | |
| १७ | सिदिङला खानेपानी मर्मत | २०००००.०० | ६ | |
| **जम्मा** | | **३,७१,५०,८००।-** | | |

**१.४ युवा तथा खेलकुदः**

युवाको विकास तथा खेलकुदका अवसरद्वारा स्वास्थ्य, अनुशासित, सिर्जनशील नागारिक विकासको लागि खेलकुद क्षेत्रको चौतर्फी विकासको लागि रू ६७,००,००० बजेट विनियोजन गरेको छु ।

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित रकम रू | वडा नं. | शीर्षक नं |
|---|---|---|---|---|
| १ | खेलकुद प्रशिक्षण शिविर सञ्चालन | ८०००००.०० | | |
| २ | शिवरात्री मेला लक्षित खेलकुद प्रवर्द्धन | ४०००००.०० | | |
| ३ | विद्यालयबाट खेलाडी उत्पादनको लागि खेल प्रशिक्षकको व्यवस्था (फुटबल, भलिबल, तेकक्वान्दो कराँते, उसु र कबड्डी | १८०००००.०० | | |
| ४ | जिल्लास्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता | २००००००.०० | | |
| ५ | पालिकास्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता | ६०००००.०० | | |
| ६ | सावायेहाङ खेल मैदान स्तरोन्नति | ४०००००.०० | १ | |
| ७ | वडा नं. १ मा खेलमैदान प्रवर्दन कार्यक्रम | १०००००.०० | १ | |
| ८ | खेलकुद प्रवर्द्धन कार्यक्रम | २५००००.०० | २ | |
| ९ | साँघु वाल क्लबको प्रशिक्षण तथा सामाग्री खरिद | ५००००.०० | ३ | |
| १० | युवा तथा खेलकुद ( महाशिवरात्री विशेष ) | १०००००.०० | ३ | |
| ११ | साँघु बजार खेल मैदान मर्मत | **१०००००.००** | ३ | |
| १२ | युवा तथा खेलकुद कार्यक्रम | १०००००.०० | ५ | |
| **जम्मा** | | **६७,००,०००** | | |

### १.५ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण

वि.सं. २०८३ वैशाख सम्ममा बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्ने कार्यक्रम अन्तर्गतका कार्यक्रमलाई लक्षित गरी आवश्यक कार्यक्रम तथा वजेट विनियोजन गरेको छु । मैवाखोला गाउँपालिका भित्रका दलित समुदायहरूलाई लक्षित गरी उनीहरूको जीवनस्तर सुधार गर्न "दलित शशक्तिकरणका लागि अध्यक्ष कोष" स्थापना गरी दलित समुदायको हकहितका लागि आवश्यकताको आधारमा कार्यक्रम गर्न निश्चित बजेट विनियोजन गरेको छु । आगामी वर्षदेखि प्रदेश सरकार तथा करूणा फाउन्डेसनसँग सहकार्य गरी त्रिपक्षीय लागत साझेदारीमा अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम गर्न आवश्यक वजेट विनियोजन गरेको छु । त्यसैगरी सामाजिक सुरक्षा भत्ता वितरण  कार्यलाई व्यवस्थित गर्नका लागि बायोमेट्रिक डिभाइस खरिद लगायत कार्यक्रम समावेश गरी लक्षित वर्ग तथा सामाजिक समावेशीकरण तर्फ  आवश्यक बजेट रू **८२,९३,८४२।-** विनियोजन गरेको छु ।

| क्र.स. | कार्यक्रमको नाम | बिनियोजित रकम रू | वडा नं. | शीर्षक नं |
|---|---|---|---|---|
| १ | बालमैत्री शाशनयुक्त पालिका घोषणा गर्न आवश्यक कार्यक्रम | १००००००.०० | | |
| २ | लैङ्गिक हिंसा निवारण सम्बन्धी १६ दिने अभियान | १०००००.०० | | |
| ३ | दलित शशक्तिकरणका लागि अध्यक्ष कोष | १००००००.०० | | |
| ४ | अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम सञ्चालन गर्न त्रिपक्षीय साझेदारी (प्रदेश, करूणा फाउन्डेशन र मैवाखोला गाउँपालिका) | १४५००००.०० | | |
| ५ | अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम | १४२२०००.०० | | |
| ६ | अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम | १४२१८४२.०० | | |
| ७ | बायोम्याट्रिक डिभाइस खरिद (सामाजिक सुरक्षा भत्ता व्यवस्थित गर्न) | २०००००.०० | | |
| ८ | दलित लक्षित कार्यक्रम | १५००००.०० | १ | |
| ९ | सुरक्षित नागरिक आवास कार्यक्रम | ३०००००.०० | १ | |
| १० | १ वडा १ बाल उद्यान | ४०००००.०० | २ | |
| ११ | दलित लक्षित कार्यक्रम | १०००००.०० | २ | |
| ११ | फुसको छाना प्रतिस्थापन कार्यक्रम | १००००० | २ | |
| १२ | सुरक्षित आवास कार्यक्रम | ३००००० | ४ | |

| | | | | |
|---|---|---|---|---|
| १३ | फुसको छाना प्रतिस्थापन कार्यक्रम | २५०००० | ५ | |
| | **जम्मा** | **८२,९३,८४२।-** | | |

**१.६ भाषा, कला, साहित्य, संस्कृति तथा सम्पदा संरक्षण**

पालिका क्षेत्र भित्रका रैथाने भाषा, कला, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गरी भाषिक, सांस्कृतिक एकता र सद्भाव कायम गर्न रू .२,००,०००।-बजेट विनियोजन गरेको छ।

| **क्र.स.** | **कार्यक्रमको नाम** | **विनियोजित रकम रू** | **वडा नं.** | **शीर्षक नं** |
|---|---|---|---|---|
| १ | रैथाने कला, साहित्य संस्कृतिको संरक्षण तथा प्रवर्धन कार्यक्रम | १००००.०० | | |
| २ | किराँतेस्वर मन्दिर मर्मत | १००००.०० | ३ | |
| **जम्मा** | | **२,००,०००।** | | |

**१.७ आयुर्वेद तर्फ**

आयुर्वेदको भवन मर्मत संभार तथा औषधि खरिदको लागि रू ५,५०,००० बजेट विनियोजन गरेको छ।

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित रकम रू | वडा नं. | शीर्षक नं |
|---|---|---|---|---|
| १ | पञ्चकर्म सेवा व्यवस्थापन | १००००.०० | | |
| २ | अति आवश्यक औषधि खरिद | २०००००.०० | | |
| ३ | आयुर्वेद कार्यलय भवन मर्मत तथा खानेपानी मर्मत | २५००००.०० | | |
| | **जम्मा** | **५,५०,०००** | | |

**२.आर्थिक विकास समिति:**

**२.१ कृषि विकास**

मैवाखोला गाउँपालिकालाई अर्गानिक पालिकाको रूपमा विकास गरी, रासायनिक मललाई न्यूनीकरण र प्रतिस्थापन गर्न र कृषकहरूलाई प्राङ्गारिक मल उपलब्ध गराउनका निम्ति PPP model मा प्राङ्गारिक मल उद्योग स्थापनाका लागि आवश्यक बजेट व्यवस्था गरेको छ। त्यसै गरी कृषि क्षेत्रको व्यवस्थापन गर्न कृषि विज्ञहरूसँग सहकार्य गरी आवश्यक अनुसन्धान गर्नुका साथै सिँचाइको व्यवस्थापन गर्न रू ८७,९९,०००।- आवश्यक वजेट विनियोजन गरेको छ।

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित रकम रू | वडा नं. | शीर्षक नं |
|---|---|---|---|---|
| १ | प्राङगारिक मल उद्योग निर्माण निजी सार्वजनिक साझेदारिमा मेसिन तथा पूर्वाधार निर्माण (वडा नं. २) | ५५४९००० | | |

| | | | | |
|---|---|---|---|---|
| २ | जैविक बिषादी बितरण कार्यक्रम | ४००००० | | |
| ३ | किसानहरूलाई फलफूल बिरूवा वितरण | ३००००० | | |
| ४ | कृषि विज्ञहरूद्वारा कृषि अनुकुलनको लागि स्थलगत अनुसन्धान | ५००००० | | |
| ५ | कृषि तथा औद्योगिक मेला प्रदर्शनी | १००००० | | |
| ६ | सिँचाइ मर्मत | ५००००० | | |
| ७ | चप्लेटी तुम्बे सिंचाई आयोजना | ४००००० | | |
| ८ | सुन्तला पकेट कार्यक्रम | २००००० | १ | |
| ९ | फलफूलको बोटविरूवा खरिद | ५०००० | १ | |
| १० | सिसुवाखोला मानेडाँडा सिंचाइ निर्माण | २००००० | १ | |
| ११ | आहाले सिंचाइ निर्माण | २००००० | १ | |
| १२ | बेशार बिउ खरिद | ५०००० | २ | |
| १३ | उन्नत विकासे जातको अलैंचीको विरूवा खरिद - ५० प्रतिसत अनुदान _ | १००००० | ३ | |
| १४ | तोरीको बिउ खरिद तथा वितरण | ५०००० | ३ | |
| १५ | नागदह नेरा सिँचाइ कुलो मर्मत | १००००० | ३ | |
| १६ | कृषक समूहहरूलाई कृषि सम्बन्धी तालिम | १००००० | ४ | |
| | **जम्मा** | **८७,९९,०००।** | | |

## २.२ पशुपन्छी विकास कार्यक्रम

कृषकहरूलाई याक चौरी प्रवर्द्धन गर्न, पशुपालनलाई व्यवस्थित र व्यवसायीकरण गर्न तथा मत्स्य पालनलाई प्रवर्द्धन गरी आत्मनिर्भर बनाउन रू २२,५०,००० बजेट व्यवस्थापन गरेको छ।

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित रकम रू | वडा नं. | शीर्षक नं |
|---|---|---|---|---|
| १ | पशुपन्छीहरूलाई शाखा तथा सेवा केन्द्रहरूवाट निःशुल्क औषधि बितरण | ७००००० | | |
| २ | याक चौरी प्रवर्द्धन कार्यक्रम | ५००००० | | |
| ३ | पशु स्वास्थ्य शिविर तथा बाझोपन निवारण | २००००० | | |
| ४ | माछा प्रवर्द्धन कार्यक्रम | ४००००० | | |
| ५ | पशुपन्छीको खोपको लागि खरिद तथा प्राबिधिक पारिश्रमिक खर्च | ३००००० | | |
| ६ | उन्नत जातको मुर्रा राँगा खरिद | १५०००० | ३ | |
| | **जम्मा** | **२२,५०,०००** | | |

### २.३ सहकारी क्षेत्र

मैवाखोला गाउँपालिका भित्रका सक्रिय रूपमा सञ्चालित सहकारीहरूलाई थप चलायमान र क्षमता अभिवृद्धि गर्न रू ४,००,००० वजेट विनियोजन गरेको छ।

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित रकम रू | वडा नं. | शीर्षक नं |
|---|---|---|---|---|
| १ | सहकारी लेखा व्यवस्थापन क्षमता अभिवृद्वि तालिम | ४००००० | | |
| **जम्मा** | | ४,००,००० | | |

### २.४ उद्योग, व्यवसाय एवम् उद्यम विकास

स्थानीयस्तरमा पाइने साधन तथा स्रोतको उचित सदुपयोग गरी नव उद्यमी तथा व्यवसायी उत्पादन गर्न तथा सीपमूलक तालिम प्रदान गरी रोजगारीको अवसर प्रदान गर्न आवश्यक वजेट रू ४९,००,००० विनियोजन गरेको छ।

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित रकम रू | वडा नं. | शीर्षक नं |
|---|---|---|---|---|
| १ | अल्लोको कपडाबाट विभिन्न डिजाइनका सामाग्रीहरू निर्माण तालिम | ४००००० | | |
| २ | फलफूलको जुस,जाम,क्याण्डी प्रसोधन तथा बजारीकरण र फूलतरूल, आलुको चिप्स बनाउने तालिम | ३००००० | | |
| ३ | कोसेली घर स्थापना | ५००००० | | |
| ४ | सहुलियत कर्जा | २०००००० | | |
| ५ | अल्लो कपडा उत्पादन तालिम मेडपासँग सहकार्य | १००००० | २ | |
| ६ | आलु उत्पादन प्रवर्द्वन कार्यक्रम | १०००००० | | |
| ७ | अल्लो उद्यमीलाई मेसिन खरिद | १००००० | ४ | |
| ८ | वेसार ब्रान्डिङ तथा प्याकेजीङ् वडा नं. १ | ५००००० | | |
| **जम्मा** | | **४९,००,०००** | | |

### २.५ पर्यटन बिकास:

मैवाखोला गाउँपालिकाको पर्यटकीय क्षेत्रहरूको प्रचार प्रसारको लागि पर्यटकीय क्षेत्रहरू को वृतचित्र तयार तथा पूर्वाधार विकास गर्नको लागि रू ३४,००,००० बजेट व्यवस्था गरेको छ।

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित रकम रू | वडा नं. | शीर्षक नं | श्रोत |
|---|---|---|---|---|---|
| १ | पर्यटकीय क्षेत्रहरूको वृतचित्र तयार | २०००००० | | | वित्तीय समानीकरण |
| २ | बोझेपोखरी संरक्षण तथा संवर्द्धन कार्यक्रम | ४००००० | १ | | अल्या |
| ३ | मिल्के मेन्छयायम देखि घुमाउने गुफा हुँदै मदन भण्डारी लोकमार्ग जोड्ने पदमार्ग | १०००००० | | | प्रदेश शसर्त |
| **जम्मा** | | **३४,००,०००** | | | |

### २.६ श्रम तथा रोजगार

### २.६.१ अध्यक्ष रोजगार कार्यक्रमः

मैवाखोला गाउँपालिकामा सूचीकृत वेरोजगार युवाहरूलाई रोजगारीको अवसर प्रदान गरी आर्थिक शशक्तीकरणमा सबल बनाउन अध्यक्ष रोजगार कार्यक्रमलाई निरन्तरता दिई ६०,००,००० बजेट विनियोजन गरेको छ ।

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित रकम रू | वडा नं. | शीर्षक नं |
|---|---|---|---|---|
| १ | तेल्लाबुङ माझगाउँ सुरबिरे सडक सोलिङ | ४००००० | १ | |
| २ | पिपलचोक कामिडाँडा मेहेलटार चित्रे सडक सोलिङ | ३००००० | १ | |
| ३ | भुल्के सिँचाइ निर्माण | ३००००० | १ | |
| ४ | तेम्बेचोक बाट पि एच सि जाने सडक सोलिङ | १४२८५७ | २ | |
| ५ | पेरूङगे देखि तेम्बे आउने सडक सोलिङ ( वडा बाट विनियोजित बजेटमा थप ) | १४२८५७ | २ | |
| ६ | घिसिङ कान्छादेखि जैवाखोला सम्म सडक सोलिङ | १४२८५७ | २ | |
| ७ | लेकुवा हुँदै तेम्बे जाने सडक सोलिङ ( वडाबाट विनियोजित बजेटमा थप ) | १४२८५७ | २ | |
| ८ | बाक्लोगाउँ नरध्वज वनेमको घर छेउ हुँदै होमे खोल्सा सम्म सडक सोलिङ | १४२८५७ | २ | |
| ९ | चक्रेगैरो सिकारीटार चारघरे जाने बाटो सडक सोलिङ | १४२८५७ | २ | |
| १० | बास्थला छाँगाको फेद हुँदै लाली सडक सोलिङ | १४२८५८ | २ | |
| ११ | चिस्यान केन्द्रदेखि गौतम डाँडा हुँदै माङमाया खोला सम्म सडक सोलिङ | ५००००० | ३ | |
| १२ | चारभैया, सिरिसे टर्निङ खोप्टे टर्निङ हुँदै रमिते ढुङगा सम्म सडक मर्मत तथा सोलिङ | ३००००० | ३ | |
| १३ | आशिके देखि बहुउद्देशीय कभर्डहल सम्म सडक सोलिङ | २००००० | ३ | |
| १४ | नयाँवन सिंचाई कुलो मर्मत संभार | ५००००० | ४ | |
| १५ | मझुवा गौडे सिंचाई कुलो मर्मत संभार | ५००००० | ४ | |
| १६ | खार्ते देखि यदे पदमको घर मास्तिर सम्म सडक सोलिङ नाली कटिङ | ६००००० | ५ | |
| १७ | यदे कुमारको घर टर्निङ देखि लाङसेम्बा सम्म सडक सोलिङ नाली कटिङ | ४००००० | ५ | |
| १८ | सिदिङला ठेस गाह्रो | २००००० | ६ | |
| १९ | साम्तोङ खेलमैदान निर्माण | ३००००० | ६ | |
| २० | साम्तोङ देखि वसाङलुङ गोरेटो बाटो निर्माण | ५००००० | ६ | |
| | **जम्मा** | **६०,००,०००** | | |

### २.६.२ प्रधानमन्त्री रोजगार कार्यक्रम

प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि ६ वटा वडाहरूमा रोजगार वृद्धिको लागि २६ वटा आयोजनाको लागि रू ४७,४८,००० बजेट विनियोजन गरेको छ ।

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित रकम रू | वडा नं. | शीर्षक नं |
|---|---|---|---|---|
| १ | पाठकडाँडा देखि खोलाखेत सम्म पदमार्ग | २४३००० | १ | |
| २ | साक्फारा पदमार्ग | २५०००० | १ | |
| ३ | वडा कार्यालय देखि कामीडाँडा सम्म पदमार्ग | १००००० | १ | |
| ४ | ढुङ्गामाथिको घर देखि सब-स्टेसन सम्मको पदमार्ग | १००००० | १ | |
| ५ | धनपतिको घरदेखि कप्तानडाँडा सम्म पदमार्ग | १००००० | १ | |
| ६ | चुनधारा चोक हुँदै पितुहाङ वनेमको घरसम्म पदमार्ग | १४३००० | २ | |
| ७ | कोक्साली हात्तीखावा पदमार्ग | १००००० | २ | |
| ८ | चुम्लोक ठुलोघर छेउ बाट सिंहराज मनरानी आ.वि. पदमार्ग | १००००० | २ | |
| ९ | बास्थला टारी पुँजे गैरी पदमार्ग | १५०००० | २ | |
| १० | सिकारीटार देखि भुसुने मुडे पदमार्ग | १००००० | २ | |
| ११ | मुख्य सडकदेखि मदन भण्डारीको घर हुँदै रमिते सम्म पदमार्ग | १००००० | २ | |
| १२ | तेम्बे चोक बाट पिएचसि जाने सडक सोलिङ ( अध्यक्ष रोजगार सँग सहकार्य ) | १००००० | २ | |
| १३ | चारभैया पाख्रीन्धारा गोरेडाँडा हुँदै तालखर्क सम्म पदमार्ग | ३९०००० | ३ | |
| १४ | चल्लेदेखि भुवनसिं डाँडासम्म पदमार्ग निर्माण | १९६५०० | ३ | |
| १५ | नागदह दलित गाउँ हुँदै माङदेन चोक सम्म पदमार्ग निर्माण | १९६५०० | ३ | |
| १६ | मेहेले घर देखि माङधामसम्म पदमार्ग | २५०००० | ४ | |
| १७ | वडा कार्यालयदेखि घिमिरे पुलसम्म पदमार्ग | २४३००० | ४ | |
| १८ | तिनमाने देवीथान जोरबुट्टे सडक सोलिङ | ३००००० | ४ | |
| १९ | बालदख्यो देखि चप्लेटि जाने पदमार्ग सोलिङ | १५०००० | ५ | |
| २० | देवलढुङगा देखि फुन्द्रा सम्म जाने पदमार्ग सोलिङ | १९३००० | ५ | |
| २१ | कादुरी पुल देखि ज्यामिरे वर हुँदै डाँडा गाउँ सम्म पदमार्ग सोलिङ | १५०००० | ५ | |
| २२ | डमडमेदेखि जकर डाँडा सम्म सडक सोलिङ | १५०००० | ५ | |
| २३ | महादेवथान देखि चिम्फाकसम्म सडक सोलिङ | १५०००० | ५ | |
| २४ | सिन्धोलुङ झरना गोरेटो बाटो मर्मत | ३५०००० | ६ | |
| २५ | मालेबारीदेखि थोपेबुङ गोरेटो बाटो मर्मत | २४३००० | ६ | |
| २६ | सिङचोक थाप्ला गोरेटो बाटो मर्मत | २००००० | ६ | |
| **जम्मा** | | **४७,४८,०००** | | |

## २. पूर्वाधार विकास सामिति:

### २.१ सडक तथा पुलपुलेसा

मैवाखोला गाउँपालिकाका स्थानीय मानिसहरूलाई सडक, पुल तथा यातायातको पहुँच वृद्धि गरी सहज जीवनयापनको लागि यो आर्थिक वर्षमा प्राथमिकतामा राखि बजेट विनियोजन गरेको छ। योजनाहरूको दिगो उपयोग र प्रभावकारिताका लागि मर्मत संभार कोषको व्यवस्था गरेको छ। आर्थिक वर्ष २०८१।०८२ को लागि सडक तथा पुलपुलेसाको लागि रू २,५७,५०,००० बजेट विनियोजन गरेको छ।

| क्र.स | कार्यक्रमको नाम आयोजनाको नाम | विनियोजित रकम रू | वडा नं. | शीर्षक नं. |
|---|---|---|---|---|
| १ | समपुरक कोष | १००००००० | | |
| २ | साम्तोङ सडक खोल्ने | १०००००० | | |
| ३ | गाउँपालिकाको सडक मर्मत सम्भार कोष | ३५०००००० | | |
| ४ | आहालडाँडा हुँदै पोथिपोखरी देखि कालपोखरी सम्म सडक मर्मत | ५००००० | | |
| ५ | खुरिक्ला खेलमैदान निर्माण | ७००००० | | |
| ६ | गङगा आ.वि. को खेलमैदान निर्माण | ७००००० | | |
| ७ | हात्तीखावा स्वास्थ्य इकाइ रङरोगन तथा मर्मत | १००००० | २ | |
| ८ | सांगादिकी आ.वि. घेराबारा र पार्टेशन | १००००० | २ | |
| ९ | अस्थायी प्रहरि चौकी घेराबारा | १००००० | २ | |
| १० | हात्तीखावा जैवाखोला काठेपुल निर्माण | ५०००० | २ | |
| ११ | कोक्साली टिकाराम विकको घर छेउबाट देवलडाँडा सडक सोलिङ | २००००० | २ | |
| १२ | पेरूङगेदेखि तेम्बे आउने सडक सोलिङ | २००००० | २ | |
| १३ | तेम्बे हात्तीखावा सडक स्तरोन्नति | २००००० | २ | |
| १४ | लेकुवा हुँदै तेम्बे जाने सडक सोलिङ | २००००० | २ | |
| १५ | बास्थलादेखि हात्तीखावा स्वास्थ्य इकाइसम्म सडक सोलिङ | २००००० | २ | |
| १६ | भुसुने मुडे खावाचौर सडक सोलिङ | २००००० | २ | |
| १७ | होमेखोलादेखि माङमाया खोला सम्म सडक सोलिङ | २००००० | २ | |
| १८ | कर्णे चौतारा सोलिङ, माङ्देन चोक प्याक्तु नेरा माङमाया खोला सडक मर्मत | ५००००० | ३ | |
| १९ | चिस्यान केन्द्रदेखि वुङधाक हुँदै लाली जाने सडक मर्मत | ५००००० | ३ | |
| २० | कोक्रे बाङ्गेलाम जोडने सडक सोलिङ | २००००० | ३ | |
| २१ | स्वास्थ्य चौकी छेउको पोखरी तथा देवीथान मर्मत | १००००० | ३ | |
| २२ | बहुउद्देशीय कभर्डहल , पाङमाडाँडा हुँदै प्याक्तु सडक सोलिङ तथा मर्मत | ५००००० | ३ | |
| २३ | लुकुवा खोला सिस्ने सडक सोलिङ तथा मर्मत | २००००० | ३ | |

| | | | | |
|---|---|---|---|---|
| २४ | वडा कार्यालय घेराबारा | ३००००० | ४ | |
| २५ | शौरेनी भालुखोप गैरे सडक स्तरोन्नति | ३००००० | ४ | |
| २६ | वडा कार्यालय ग्राउण्ड सम्याउने र ठेस गाह्रो लगाउने | २५०००० | ५ | |
| २७ | ५ नं. वडा सडक मर्मत | ५००००० | ५ | |
| २८ | समाधिस्थल खाजाघर निर्माण | ६००००० | ५ | |
| २९ | पाटीडाँडा पुर्लुङगेसम्म सडक निर्माण | ४००००० | ५ | |
| ३० | डाँडागाउँ देखि ओरगोबा हुँदै नुम्लोकसम्म सडक निर्माण | ४५०००० | ५ | |
| ३१ | गङ्गाको घर छेउ सडक सोलिङ | ४००००० | ६ | |
| ३२ | रानीवन सडक सोलिङ | ५००००० | ६ | |
| ३३ | मैवाखोला- ६ वडा कार्यालय घेराबारा | ५००००० | ६ | |
| ३४ | खङखलुङ देखि कठहरे खेतसम्म गोरेटोबाटो मर्मत | २००००० | ६ | |
| ३५ | लुक्चुमाटनिङ देखि काफ्ले चौतारा अजिरूवा खानी साम्तोङ वसाङलुङ सिन्धोलुङ झरनासम्मको सडक डि.पि.आर. | ७००००० | ६ | |
| ३६ | रानीवन आ.वि. पर्खाल निर्माण तथा घेराबारा | ५००००० | | |
| | **जम्मा** | **२,५७,५०,०००** | | |

**२.२ भवन तथा वस्ती विकासः**

मैवाखोला गाउँपालिकाको प्रशासनिक भवनसहित ठूला भवन पूर्वाधारहरूलाई प्राथमिकतामा राखी पहुँच,सेवा सुविधा तथा वस्ती विकासमा विशेष प्राथमिकताका साथ बजेट व्यवस्था गरेको छु। आर्थिक वर्ष २०८१।८२ भवन तथा वस्ती विकासको लागि रू **८,६८,५०,०००।-**वजेट विनियोजन गरेको छु।

| क्र.स | कार्यक्रमको नाम आयोजनाको नाम | बिनियोजित रकम रू | वडा नं. | शीर्षक नं. |
|---|---|---|---|---|
| १ | मैवाखोला गाउँपालिकाको प्रशासनिक भवन निर्माण | ४००००००० | | |
| २ | नमुना एकीकृत वस्ती गुरूयोजना निर्माण | १०००००० | | |
| ३ | बहुउद्देशीय कभर्डहल निर्माण | ५०००००० | | |
| ४ | मैवाखोला मा. वि ८ कोठे भवन निर्माण | १००००००० | | |
| ५ | वडा नं. ३ को स्वास्थ्य भवन निर्माण | ८०००००० | | |
| ६ | मैवाखोला मा.वि. खेल मैदान बिस्तार | ५०००००० | | |
| ७ | मदन भण्डारी खेल मैदान बिस्तार | १०००००० | | |
| ८ | नमुना एकीकृत वस्ती निर्माणमा सहकार्य | ६०००००० | | |
| ९ | केन्द्रबाट छनौट भएको नमुना विद्यालय निर्माण | १००००००० | | |

| | | | | |
|---|---|---|---|---|
| १० | वडा नं. २ को सामुदायिक भवन | ७००००० | | |
| ११ | कार्यालय क्वार्टर मर्मत संभार | १५०००० | | |
| | **जम्मा** | **८,६८,५०,०००।-** | | |

**२.३ सूचना, सञ्चार र प्रविधिः**

मैवाखोला गाउँपालिकाका स्थानीय जनताहरूको सूचना, सञ्चार र प्रविधिमा पहुँच वृद्धि गरी गुणस्तरीय जीवनयापनको लागि फाईबर नेटवर्क प्रणाली स्थापना गर्न आवश्यक वजेट व्यवस्था गरेको छ।

| क्र.स | कार्यक्रमको नाम आयोजनाको नाम | विनियोजित रकम रू | वडा नं. | शीर्षक नं. |
|---|---|---|---|---|
| १ | फाईबर नेटवर्क प्रणाली जडान | २०००००० | | |

**४. वन, वातावरण तथा विपद् व्यवस्थापन समितिः**

**४.१ वन तथा जैविक विविधताः**

मानव जीवन, वन तथा जैविक विविधता बीच अन्योन्याश्रित एवं परिपूरक सम्बन्ध भएकोले वन जङ्गल वृद्धि तथा संवर्द्धन, वन संरक्षण, वातावरण सन्तुलन तथा वन्यजन्तुको संरक्षणका लागि रू ३,२१,९०० वजेट व्यवस्थापन गरेको छ।

| क्र स | कार्यक्रमको नाम | विनियोजित रकम | शीर्षक नं |
|---|---|---|---|
| १ | पहिरोग्रस्त क्षेत्रमा पहिरो नियन्त्रणका लागि वृक्षारोपण कार्यक्रम | १००००० | |
| २ | गाउँपालिका वातावरणमैत्री घोषणाका लागि कार्यक्रम | १००००० | |
| ३ | डि.ए.पि.सि. मिटिङ | २२५०० | HCF |
| ४ | रेडपाण्डा संरक्षण शिक्षा तथा जनचेतना समन्वय अनुगमन | २३००० | HCF |
| ५ | सामुदायिक वन कार्ययोजना नवीकरण | ४१८०० | HCF |
| ६ | रेडपाण्डा सूचना पाटी स्थापना | १४६०० | HCF |
| ७ | चोरी सिकारी अनुगमन | २०००० | HCF |
| | **जम्मा** | **३,२१,९००** | |

**४.२ भू-तथा जलाधार व्यवस्थापनः**

भू-तथा जलाधार व्यवस्थापनको लागि आर्थिक वर्ष २०८१।८२ को लागि रू १,५०,००० वजेट व्यवस्था गरेको छ।

| क्र स | कार्यक्रमको नाम | विनियोजित रकम | वडा नं | शीर्षक नं |
|---|---|---|---|---|
| १ | वस्तुखर्क अल्लो संरक्षण घेराबारा | १५०००० | २ | |

### ४.३ वातावरण स्वच्छता तथा फोहोरमैला व्यवस्थापनः

आम नागरिकलाई स्वच्छ तथा स्वस्थ्य वातावरणमा बाँच्न पाउने हकलाई ध्यानमा राख्दै वातावरण तथा फोहोरमैला व्यवस्थापनका लागि रू ६ लाख बजेट विनियोजन गरेको छ।

| क्र स | कार्यक्रमको नाम | बिनियोजित रकम | शीर्षक नं |
|---|---|---|---|
| १ | डम्पिङ साइट निर्माण कार्यक्रम | ५००००० | |
| २ | जैविक अजैविक फोहोर व्यवस्थापन कार्यक्रम | १००००० | |
| **जम्मा** | | **६,००,०००** | |

### ४.४ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन र अनुकुलनः

प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्न जलवायु परिवर्तनबाट जनजीवनमा पर्ने प्रतिकुल असर तथा प्रभावलाई न्यूनीकरण गर्न विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तनको अनुकुलनको क्षेत्रमा पूर्वतयारी, रोकथाम, अल्पीकरण, विपद् प्रतिकार्य, पुनःस्थापना र पुनःनिर्माण अनुकुलनको कार्यलाई विषेश महत्व दिंदै आ.व. २०८१।०८२ मा रू १८,००,०००।– बजेट विनियोजन गरेको छ।

| क्र स | कार्यक्रमको नाम | विनियोजित रकम | शीर्षक नं |
|---|---|---|---|
| १ | प्रकोप\विपद् व्यवस्थापन कोष | १५००००० | |
| २ | विपद् उद्दार सामाग्री खरिद् र व्यवस्थापन | १००००० | |
| ३ | विपद् जोखिम न्यूनीकरण सम्बन्धी जनचेतना कार्यक्रम | १००००० | |
| ४ | जलवायु परिवर्तन अनुकुलन सम्बन्धी अभिमुखीकरण सञ्चालन | १००००० | |
| **जम्मा** | | **१८,००,०००।** | |

### ५. सुशासन तथा संस्थागत विकास समितिः

सुशासनको अनुभूति हुने गरी सार्वजनिक सेवा प्रवाहलाई सरल, छिटो छरितो, प्रभावकारी र प्रशासनलाई नतिजामुखी बनाउन स्थानीय ऐन, नियम तथा मापदण्डहरूको निर्माण तथा कार्यान्वयनमा स्थानीय सबै सरोकारवालाहरूको सहभागिता र सामाजिक जवावाफदेहिताका औजारहरूको अभ्यासबाट सार्वजनिक सेवा प्रवाहमा सुशासन अभिवृद्धि गर्दै सुशासन तथा संस्थागत विकास तर्फ यस आर्थिक वर्षमा कर्मचारी तथा जन प्रतिनिधिहरूको क्षमता अभिवृद्धि कार्यक्रमलाई समेट्दै सुशासन तथा संस्थागत विकास तर्फ **७,१०,३८,०००।** -बजेट विनियोजन गरेको छ।

| सि.नं. | कार्यक्रमको नाम | खर्च शीर्षक नं. | बिनियोजित रकम रू |
|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | | १७०००००० |
| २ | पारिश्रमिक पदाधिकारी | | ५६००००० |
| ३ | कर्मचारी पोशाक | | ६००००० |
| ४ | कर्मचारीको स्थानीय भत्ता | | ११००००० |
| ५ | महंगी भत्ता | | १०५०००० |

| | | | |
|---|---|---|---|
| ६ | कर्मचारीको बैठक भत्ता | | ६००००० |
| ७ | टोलविकास संस्थालाई कर शिक्षा तथा योजना व्यवस्थापन तालिम | | ३००००० |
| ८ | उत्कृष्ट कर्मचारी सम्मान कार्यक्रम | | १५०००० |
| ९ | आन्तरिक नियन्त्रण प्रणाली निर्माण | | ३००००० |
| १० | पदाधिकारी बैठक भत्ता | | ९००००० |
| ११ | कर्मचारी कल्याण कोष | | ५००००० |
| १२ | पानी तथा बिजुली | | ५००००० |
| १३ | संचार महसुल | | १६५०००० |
| १४ | इन्धन (चारपाङग्रे) | | १०००००० |
| १५ | इन्धन (कार्यालय प्रयोजन) | | ८००००० |
| १६ | सवारी साधन मर्मत खर्च (दुई पाङग्रे) | | १४००००० |
| १७ | सवारी साधन मर्मत खर्च (चारपाङग्रे) | | १२००००० |
| १८ | सफ्टवेयर नवीकरण खर्च | | १५०००० |
| १९ | कम्प्युटर/प्रिन्टर तथा इलेक्ट्रोनिक सामान खरिद तथा मर्मत | | १०००००० |
| २० | बिमा तथा नवीकरण खर्च | | ८००००० |
| २१ | प्रशासनिक खर्च (रू. ३ लाखका दरले ६ वडामा) | | १८००००० |
| २२ | मसलनन्द तथा कार्यालय सामाग्री | | २०००००० |
| २३ | जेशी रणनीति निर्माण | | ३००००० |
| २४ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | | १५००००० |
| २५ | करार सेवा पारिश्रमिक | | १६६०००००० |
| २६ | कर्मचारी तथा पदाधिकारी क्षमता अभिवृद्धी तथा सीप विकास सम्बन्धी कार्यक्रम | | १०००००० |
| २७ | स्थानीय सेवा कर्मचारी अवकास कोष | | ५००००० |
| २८ | भ्रमण खर्च | | २०००००० |
| २९ | विविध खर्च | | २१३८००० |
| ३० | स्वास्थ्य संस्थाहरूको कार्यलय सञ्चालन | | ३००००० |
| ३१ | सभा सञ्चालन खर्च | | ५००००० |
| ३२ | सुरक्षा व्यवस्थापन | | ६००००० |
| ३३ | न्यायिक  समिति | | ७००००० |
| ३४ | लैङ्गिक हिंसा निवारण कोष | | १००००० |
| ३५ | अतिथि सत्कार कार्यक्रम | | ३००००० |
| ३६ | घरभाडा | | ५००००० |
| ३७ | आपतकालीन बाल उद्धार कोष | | १००००० |
| ३८ | सार्वजनिक सुनुवाई | | ४००००० |
| ३९ | कार्यालय तथा संस्थाहरूमा बायोमेट्रिक ई-हाजिरी व्यवस्था | | ५००००० |
| ४० | ट्रयाक्टर खरिद | | २६००००० |
| | **जम्मा** | | **७,१०,३८,०००।-** |

अन्त्यमा यस बजेट अधिवेशन सुरू हुनु पूर्वदेखि नै नीति तथा कार्यक्रममा विचार धारणा राखेर सहयोग गर्नुहुने सभाध्यक्ष ज्यू, सभाका सदस्यहरू, राजनैतिक दलका नेतृत्वकर्ताहरू, अग्रज समाजसेवीहरू, सुझाव सङ्कलनको क्रममा महत्वपूर्ण सुझाव दिनुहुने व्यक्तित्वहरू, बजेट निर्माणमा अहोरात्र खटिनुहुने राष्ट्रसेवक कर्मचारीहरू र सञ्चारकर्मीज्यूहरू सम्पूर्णलाई धन्यवाद दिन चाहन्छु ।

..................................

**चन्द्र कुमार तामाङ**

**प्रबक्ता**

**मैवाखोला गाउँपालिका**